ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

प.स: २०७९/०८०
च.न: १२५८

मिति:-२०८०/०३/०३

**विषय:- विद्यालयमा नियमित पठनपाठन गर्ने/गराउने सम्बन्धमा ।**

**श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु**
**ऐसेलुखर्क गाउँपालिका, खोटाङ ।**

मिति २०८०/०३/०३ मा नेपाल शिक्षक महासंघ, ऐसेलुखर्क गाउँ समिति खोटाङको पत्रानुसार नेपाल विद्यालय कर्मचारी परिषदको आव्हानमा ऐसेलुखर्क गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अनिश्चितकालिन रुपमा पठनपाठन बन्द गर्ने भन्ने जानकारी अनुसार उक्त विषयमा यस गाउँपालिकाको ध्यानाकर्षण भएको छ ।

तत् सम्बन्धमा ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले उपलब्ध गराएको तलब भत्तामा गाउँपालिकाको आन्तरिक स्रोतबाट समेत थप तलब भत्ता उपलब्ध गराएको सर्वविदितै छ ।साथै विद्यालय कर्मचारीहरुको जाहेज माग प्रति गाउँपालिका सदैव सकारात्मक हुने कुराको प्रतिबद्धता जाहेर गर्दछ ।

नेपाल सरकारले विद्यालयलाई शान्ति क्षेत्र घोषणा समेत गरिसकेको र विद्यालय बन्द गर्ने/गराउने कार्य अवाञ्छनीय हुने भएको साथै पठनपाठन बन्द गराउने किसिमका कार्यले बालबालिकाको शिक्षा प्राप्त गर्ने मौलिक हक कार्यान्वयनमा बाधा पर्न जाने तथा यस्ता कार्य शैक्षिक उन्नयनको लागी कुनै पनि दृष्टिकोणले उपयुक्त नहुने हुँदा आन्दोलनका स्वरुपका विषयमा पुर्नविचार गर्दै विद्यालय बन्द गर्ने कार्य कोही कसैबाट नगर्नु/नगराउनुहुन अनुरोध छ।

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

☎०३६-४११९०३ ☎०३६-४११९०४ ☎अध्यक्ष ९८५२८४९६८५ ☎उपाध्यक्ष ९८५२८४९६८६
☎प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎सूचना अधिकारी ९८५२८४९०९३